गङ्गाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फूलखर्क, धादिङ,
बागमती प्रदेश, नेपाल

**गङ्गाजमुना गाउँपालिका डिजिटल पार्श्वचित्र (Municipal Profile) तयारिका लागि प्रस्ताव पत्र आहवान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः२०८०।०९।१७)

गङ्गाजमुना गाउँपालिकाको आ. व. २०८०/८१ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिकाको पार्श्वचित्र तयार पार्नका लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न ईच्छुक संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र कार्यालयबाट स्वीकृत कार्यशर्त (ToR) को परिधि भित्र रही निर्धारित शर्त तथा ढाँचा बमोजिमको बोलपत्र खरिद गरी छुट्टाछुट्टै सिलबन्दी खाम सहित परामर्श सेवाको आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न सूचना आहवान गरिएको छ।

| सि.नं. | कामको विवरण | लागत इस्टिमेट (मु.अ.कर सहित) | बोलपत्र खरिद मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | गङ्गाजमुना गाउँपालिकाको विद्युतीय पार्श्वचित्र (Digital Municipal Profile) तयारी | १३,००,००० ।- | रु ३,०००।- | कार्यशर्त (TOR) |

तपसिल:

१. संस्था छनौट हुनको लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न संस्था दर्ता भएको, सम्बन्धित विषय कार्य अनुभव भएको, VAT/PAN दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ.व. २०७९/८० को करचुक्ता गरेको प्रमाणको प्रतिलिपि वा २०८० पौष मसान्तसम्मको म्याद थप स्वीकृती पत्रको प्रमाणको प्रतिलिपि र कालोसूचीमा नपरेको स्वघोषणापत्र सहित पेश गर्नुपर्नेछ। म्याद थप स्वीकृती पत्र पौष मसान्त भित्र पेश गर्ने प्रस्तावदातालाई मात्र लागू हुनेछ । अन्यथा अनिवार्य रूपमा आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२. गाउँपालिकाले निर्धारण गरेको सूचकको आधारमा उपयुक्त संस्था छनौट हुनेछ।संस्था छनौट प्रक्रिया स्वीकार गर्ने वा कुनैपनि समयमा पूर्ण वा आंशिक रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार गङ्गाजमुना गाउँपालिकामा सिमित रहनेछ।

३. ईच्छुक परामर्शदाता कम्पनीले नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको गाउँ तथा नगर वस्तु स्थिति विवरण तयारी ( पहिलो संशोधन )कार्यविधि, २०७८ अनुसार यस गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्नुपर्नेछ।

४. ईच्छुक परामर्शदाता कम्पनीले नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास सहायता समन्वय शाखा अन्तर्गतको सूचना व्यवस्थापन प्रणाली सफ्टवेयर वा सूचना प्रविधिको उच्चतम प्रयोग गर्नुपर्नेछ।

५. आर्थिक तथा प्राविधिक प्रस्ताव सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे सम्म पेश गरिसक्नुपर्नेछ।उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयभित्र पेश गरिसक्नुपर्नेछ।

६. पेश भएका प्रस्तावहरु सो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको बेलुका २:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ।उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा खोलिने छ साथै प्रस्तावदाता अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन।

७. यस कार्यालयबाट प्रमाणित नभएका कार्यशर्तका सक्कल, म्यादनाघि आएमा वा रितनपुगेका प्रस्ताव उपर कुनै कारवाही हुनेछैन।

८. प्रस्तावको आधारमा माथि उल्लेखित कार्य गर्न एउटै संयुक्त वा छुट्टा छुट्टैप्रस्तावको छनौट गरिनेछ।गुणस्तर तथा लागत विधिद्धारा परामर्शदाता प्रतिस्पर्धा छनौट गरिनेछ।

९. संयुक्त उपक्रम (Joint Venture) को रुपमा प्रस्ताव पेश गर्न सकिनेछ।

१०. Smart App सहितको Digital Village Profile कम्तिमा दश १० वटा गा. पा. को तयार गरेको हुनुपर्नेछ।

११. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।थप जानकारीको लागि गाउँपालिकाको वेबसाईट www.gangajamunamun.gov.np वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत